**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-८, संख्या-१७, मिति - २०८१/०९/२९**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मोदी गाउँपालिकाको पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

पशुपन्छी तथा मत्स्य पालन व्यवसाय मोदी गाउँपालिकाको आर्थिक विकास क्रियाकलापको महत्वपूर्ण अंगको रूपमा रहेको छ। मोदी गाउँपालिकामा पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई थप व्यावसायिक उत्पादन लागत घटाउन यान्त्रिकरण र प्राविधिमैत्री एंव परिवर्तित वातावरणमैत्री बनाउँदै लैजानु जरूरी छ ।मोदी गाउँपालिकाबाट सञ्चालन गरिने पशु सेवाका कार्यक्रमहरूलाई प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रूपमा सञ्चालन गर्न मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र मोदी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (१०) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले "मोदी गाउँपालिकाको पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "**मोदी गाउँपालिकाको पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१**" रहेको छ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

ग. यो कार्यविधि मोदी गाउँपालिका भर लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क. "गाउँपालिका" भन्नाले मोदी गाउँपालिका सम्झनुपर्दछ ।

ख. "कार्यपालिका"भन्नाले मोदी गाउँपालिका गाउँ कार्यपालिका लाई सम्झनुपर्दछ ।

ग. "अध्यक्ष" भन्नाले मोदी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

घ. "उपाध्यक्ष" भन्नाले मोदी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

ङ. "कार्यालय" भन्नाले मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

च. "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले मोदी गाउँपालिपकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

छ. "शाखा"भन्नाले मोदी गाउँपालिकाको पशु सेवा शाखा लाई सम्झनुपर्दछ।

ज. "वडा"भन्नाले मोदी गाउँपालिकाका ८ वटा वडाहरुलाई सम्झनुपर्दछ।

झ. "प्राविधिक" भन्नाले मोदी गाउँपालिकामा कार्यरत पशु विकास शाखा वा मातहतका प्राविधिक कर्मचारीलाई सम्झनुपर्दछ ।

ञ. "प्रस्ताव मूल्यांकन समिति" भन्नाले यस कार्यविधिको परिच्छेद (२) को दफा (५) को उपदफा (४) बमोजिम गठन भएको मूल्यांकन समितिलाई सम्झनुपर्दछ ।

ट. "पशु "भन्नाले गाई, भैंसी, भेडा, बाख्रा ,बंगुर, खरायो घोडा लगायतका अन्य घरपालुवा चौपाया पशुहरूलाई समेत सम्झनुपर्दछ ।

ठ. "पंक्षी" भन्नाले कुखुरा, हाँस, बट्टाई, टर्की, परेवा लगायतका अन्य घरपालुवा पंक्षीहरूलाई समेत सन्झनुपर्दछ । यस शब्दले नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले संरक्षित पंक्षीको सुचिमा समावेश गरेका वाहेकका अन्य पंक्षीहरुलाई समेत जनाउँछ ।

ड. "मत्स्य" भन्नाले स्थानीय तथा उन्नत जातका माछाका प्रजातिहरुलाई सम्झनुपर्दछ ।

ढ. "मासु" भन्नाले 'पशु बधशाला तथा मासु जाँच ऐन २०५५ अनुसार खान योग्य पशुपंक्षीको मासु सम्झनुपर्दछ ।

ण. "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि तथा पशुपन्छी सम्बन्धी कार्य गर्ने संस्था लाई सम्झनुपर्दछ।

त. "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १० वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनुपर्दछ ।

## ३. उद्देश्य

क. गाउँपालिकाबाट सञ्चालन हुने पशु सेवा कार्यक्रम कार्यन्वयन प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउनु ।

ख. पशुपन्क्षी तथा मत्स्य पालन व्यावसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउनु ।

ग. अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिक आवश्यकतामा आधारित समन्यायिक एवं निष्पक्ष तथा पारदर्शी बनाउनु ।

घ. सेवा प्रवाहको प्रकृयालाई सरल, निष्पक्ष र कृषकमैत्री बनाउनु ।

ङ. पशु स्वास्थ तथा रोग निदान प्रकृयालाई गुणस्तरीय बनाउनु ।

च. लाभग्राहीहरूको छनौट प्रकृयालाई स्पष्ट, पारदर्शी र अनुमानयोग्य बनाउनु ।

## ४. गाउँपालिकास्तरीय पशुपंक्षी विकास समिति सम्बन्धी व्यवस्था

१. यस कार्यविधि बमोजिम पशु सेवा सम्बन्धी कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधन सम्बन्धमा आवश्यक निर्देशनका साथै पशुपंक्षी विकास सम्बन्धी विभिन्न क्रियाकलापहरू सञ्चालनको लागि देहाय बमोजिमको गाउँपालिकास्तरीय पशुपंक्षी विकास समिति रहने छ ।

| | | |
|---|---|---|
| क. गाउँपालिका अध्यक्ष | - | अध्यक्ष |
| ख. गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| घ. संयोजक- आर्थिक विकास समिति | - | सदस्य |
| ङ. शाखा प्रमुख- कृषि विकास शाखा | - | सदस्य |
| च. प्राविधिक कर्मचारी- पशु सेवा शाखा | - | सदस्य |
| छ. शाखा प्रमुख- पशु सेवा शाखा | - | सदस्य सचिव |

२. गाउँपालिकास्तरीय पशुपंक्षी विकास समिति काम र कर्तव्यहरू
   क. पशुपंक्षी विकाससँग सम्बन्धित सरकारी/गैर सरकारी निकायहरू बीच समन्वय गरी एकीकृत पशुपंक्षी विकास कार्ययोजना बनाउने ।
   ख. कार्यक्रममा रिक्तता र दोहोरोपना हटाउनका लागि समन्वयात्मक हिसाबले कार्यक्रम कार्यन्वयन गराउने ।
   ग. पशुपंक्षी विकास सम्बन्धी सम्भाव्य कार्यक्रमहरूको पहिचान गरी योजना तर्जुमा गर्न सहयोग गर्ने ।
   घ. गाउँपालिकास्तरमा सञ्चालित पशुपंक्षी विकास कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण गर्ने ।
   ङ. हाल संचालनमा रहेको र तर्जुमा गरिएका पशु सेवा सम्बन्धी कार्यक्रमको लाभलागत तथा प्रभावकारिता विश्लेशण गर्नुका साथै समस्या समाधनका लागि आवश्यक नितिगत व्यवस्था गर्ने ।
   च. संचालनमा  रहेका कार्यक्रम कार्यान्वयनका विभिन्न चरणमा देखिएका समस्या तथा चुनौतीहरूको विश्लेशण गरी समस्या समाधनका उपायहरू पहिचान गर्ने ।
   छ. कार्यालयबाट संचालन हुने कार्यक्रमहरुमा दोहोरोपन नहुने गरी सम्बन्धित किसान वर्गको प्रतिनिधित्व पहुँच र सहभागिताको सुनिश्चितता कायम गर्ने ।

३. गाउँपालिकास्तरीय पशुपंक्षी विकास समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।
४. गाउँपालिकास्तरीय पशुपंक्षी विकास समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रणम गर्न सक्नेछ ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन प्रक्रिया

**५.** गाउँ कार्यपालिकाबाट स्वीकृत कार्यक्रमहरू बजेटको परिधिभित्र रही देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

१. कार्यालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरूलाई लक्षित गरी प्रस्ताव पेश गर्न नियमानुसारको म्याद राखी **अनुसूची-१** बमोजिम उपयुक्त संचार माध्यमबाट सार्वजनिक सूचना प्रकाशन गर्नेछ। तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने प्रकृतिका नियमित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरू कार्यालयले प्रचालित ऐन नियम बमोजिम कार्यक्रम सञ्चालन गर्नेछ ।

२. **सूचनामा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालनका लगि उपयुक्त र इच्छुक प्रस्तावकहरूले अनुसूची-२ बमोजिमको आवेदन, अनुसूची-३ बमोजिम कार्ययोजना, अनुसूची-४ बमोजिम लागत**

**साझेदारी प्रतिवद्धता पत्र, अनुसूची-५ बमोजिमको स्वघोषणाका साथ सम्बन्धित निकायको सिफारिस र अन्य सान्दर्भिक कागजातहरू संलग्न गरी निर्धारित समय भित्र पेश गर्नुपर्नेछ ।**

३. दफा (५) को उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा गाउँपालिकाले पुनः कम्तीमा ७ (सात) दिनको समय सिमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

४. प्राप्त प्रस्तावहरूको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशन र सिफारिसका लागि देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

## प्रस्तावहरूको मूल्याङ्कन तथा सिफारिस समिति

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| ख. गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक वा निजले तोकेको सदस्य | सदस्य |
| ग. कृषि शाखा प्रमुख | सदस्य |
| घ. पशु सेवा शाखाका कार्यक्रम हेर्ने फोकल पर्सन | सदस्य |
| ङ. पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

५.यस कार्यविधिको विभिन्न दफाहरूमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. स्थलगतरुपमा अनुगमन भ्रमण गरी तथ्य र तथ्यांकको आधारमा लाभग्राहीको विश्लेशण गर्ने ।

ख. पेश भएका प्रस्तावहरूमा उल्लेखित विवरण र स्थलगत अध्ययनबाट प्राप्त विशलेषणको आधारमा प्रस्तावको मूल्याङ्कन गर्ने ।

ग. पेश भएका प्रस्तावहरूको मूल्याङ्कन गरी छनोट तथा स्वीकृतीको लागि पशुपंक्षी विकास समितिमा पेश गर्ने ।

६.प्रस्ताव मूल्याङकन तथा सिफारिस समितिले रीतपूर्वक पेश हुन आएका प्रस्तावहरूको प्राम्भीक छनौट सहितको सूचि पेश गर्नका लागि शाखालाई जिम्मेवारी दिन सक्नेछ ।

७.प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूचि-६ बमोजिम प्रस्तावकहरूको मूल्याङकन गरि प्राथमिकिकरण सहितको सूची स्वीकृतीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

८.प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोलि खटई अनुसूची-७ बमोजिम प्रमाणीकरण गर्नेछ ।साथै आवश्यकता अनुसार समिति स्वयमले समेत सिफारिस पूर्व स्थलगत निरिक्षण गर्न सक्नेछ।

९.प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती पश्चात छनौट भएका र वैकल्पिक छनौटमा परेका प्रस्तावहरूको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकि सूचना टाँस गरिनेछ ।

## ६. सम्झौता सम्बन्धी व्यवस्था

१.स्वीकृत प्रस्तावका आवेदकसँग प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-८ बमोजिमको द्विपक्षिय सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नेछ ।

२.तोकिएको अवधि भित्र छनौटमा परेका प्रस्तावकहरु सम्झौता गर्न नआएमा बैकल्पिक योग्यता क्रमका प्रस्तावकसँग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३.द्विपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मुल आधार मानिनेछ।

## ७. अनुदान प्रवाहका लागि आवश्यक कागजात एवम् सर्तहरूः

१.आवेदक प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा विधिवत रुपमा दर्ता भएको हुनुपर्दछ ।

२.अनुदानको लागि प्रस्ताव पेश गर्ने संगठित संस्थाको हकमा नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको, स्थायी लेखा नम्बर प्राप्त गरेको, नियमित लेखा परिक्षण भएको र कुनै कारवाहीमा नपरेको हुनु पर्दछ ।

३.विगत २ दुई वर्ष भित्र प्रादेशिक मन्त्रालय वा मातहतका निकाय एवम् संघीय सरकार अन्तर्गतका कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा मातहतका निकायहरूबाट सोहि प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदक पुनः अनुदानका लागि योग्य मानिने छैन ।तर अपूरो निर्माण कार्य वा कार्यक्रमलाई पूर्णता दिई सञ्चालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पुनःअनुदान उपलब्ध गराउन यस कार्यविधि बमोजिम बाधा पर्ने छैन

४.कार्यक्रम सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा लिज वा करारमा लिएको भएमा सम्बन्धित जग्गा धनिसँग कम्तिमा ५ (पाँच) वर्षको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५.अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा ३ (तीन) वर्षसम्म व्यवसाय सञ्चालन गर्ने सुनिश्चितता गर्नुपर्नेछ ।

६.कार्यक्रम सञ्चालन गर्ने स्थान सामाजिक, वातावरणीय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ ।

७.अनुदानमा स्थापना भएको उपकरण, भौतिक संरचना र सामाग्रीहरू अन्य कार्यमा प्रयोग गर्न वा बिक्रि वितरण गर्न वा भाडामा लगाउन पाइने छैन ।

८.साझेदारले मेशिनरी, उपकरण, ढुवानीको साधन र अन्य विशिष्टिकृत सामानहरू खरिद गर्दा प्रचलित सार्वनजिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी कार्यालयको पूर्व स्वीकृती लिएर खरिद गर्नु पर्नेछ।साथै यस्तो खरिद कार्य गर्दा नियमानुसार मुल्य अभिबृद्धि कर/स्थायी लेखा नम्बरमा दर्ता भएका व्यवसायिक फर्मले जारी गरेको बिल बिजक पेश नगरेको खण्डमा कार्यालयले सम्बन्धित सम्झौता बमोजिमको रकम भुक्तानी दिन बाध्य हुने छैन।

९.अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह रकम असुल गरी प्रचलित ऐन नियम बमोजिम कारवाही गरिने छ ।

१०. तालिम, भ्रमण,गोष्ठी, तलब, भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराइने छैन ।

११. कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराइने छैन ।

१२. कार्य प्रगति र कार्य सम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिइनेछ ।

१३. स्वीकृत कार्ययोजनाको क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध गराईने छैन ।

१४. कार्य सम्पन्न भए पश्चात अनुदानग्राहीले कार्य सम्पन्न प्रतिवेदन आवश्यक बिल भरपाईसहित तोकिएको समयभित्र कार्यालय सँग भुक्तानी माग गर्नु पर्नेछ ।

## ८. भुक्तानी प्रक्रिया

१.सम्बन्धित साझेदारले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरि भौतिक निर्माणको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको लागत अनुमान नक्सा ड्रईङ आदि तथा मेशिन उपकरण वा सामान खरिदको हकमा सार्वजनिक खरिद ऐन नियमावली बमोजिमको कागजात एवम् प्रमाण खुल्ने अन्य कागजात संलग्न गरी भुक्तानीको लागी पेश गर्नुपर्नेछ र कार्यालयबाट कागजातको चेकजाँच गर्दा भुक्तानीको लागी मनासिब ठहरेमा कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिईनेछ ।

२.उपदफा (१) मा उल्लेखत भुक्तानी प्रयोजनका लागि निवेदन साथ देहाय बमोजिमका कागजातहरू समेत संलग्न गरी पेश गर्नु पर्नेछः-

क) सम्झौता पत्रको प्रतिलिपि,

ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

ग) निर्माण कार्यका लागि प्राविधिकले तयार गरेको खर्च इस्टिमेट,

घ) बिल बिजकहरूको सक्कल प्रति,

ङ) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरूको खरिद तथा दाखिला प्रतिवेदन तथा फोटो,

च) पशुवस्तुको बिमा गरिएको छ भने कागजातहरूको प्रतिलिपि,

छ) अनुदानग्राहीले कार्य सम्पन्न गरेको प्रतिवेदन,

ज) सम्बन्धित वडा कार्यालयको सिफारिस,

झ) साझेदार संस्थाको संस्थाको हकमा संस्थागत निवेदन तथा माईन्युटको छायाँप्रति सार्वजनिक सुनुवाईको माईन्युटको प्रतिलिपि ।

३.वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहि कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सीमा तोकिनेछ ।कार्यालयले कार्यक्रम सञ्चालन लागतको ५० देखि ७५ प्रतिशत सम्म मात्र साझेदारी गर्न सक्ने र बाँकि रकम सम्बन्धित साझेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

४.अनुदान वापतको रकम भुक्तानी गर्दा कन्टिनजेन्सी र नियमानुसारको कर कट्टा गरि बाँकी रकम भुक्तानी गरिनेछ ।

५.सामान्यतया अनुदान रकमको भुक्तानी कार्य सम्पादनको आधारमा बढिमा दुई किस्तामा गरिनेछ। तर रु.१ लाख सम्मका अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकै किस्तामा साझेदारको बैंक खातामा भुक्तानी गर्नुपर्ने रकम उपलब्ध गराईनेछ ।

## परिच्छेद ३

## कार्यक्रम र प्राविधिक पक्ष

९. दुध उत्पादनमा प्रोत्सहन अनुदान कार्यक्रम (प्रतिलिटर रु.५)

१. गाउँपालिकामा दुग्ध उत्पादन व्यवसायमा संलग्न कृषकहरूलाई सहकारी मार्फत प्रोत्सहन अनुदान उपलब्ध गराइ स्वच्छ तथा गुणस्तरीय दुधको उत्पादनमा बृद्धि गर्न, दुग्धजन्य पदार्थको विविधीकरण गर्न र बजारीकरणको समुचित व्यवस्थापन गर्न दुध उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिने छ ।

२. आवेदकको योग्यता

क. आवेदक दुग्ध उत्पादनसँग सम्बन्धित कृषक समूह/ सहकारी संस्था हुनुपर्नेछ ।

ख. सहकारी संस्थाले संस्थागत रुपमा दूध विक्री गरेको हुनुपर्नेछ।संस्थागत रुपमा दूध विक्री नगर्ने भए दूधलाई पाश्चराईज तथा सिलबन्दी प्याकेजिङ्ग गरी विक्री वितरण गरेको हुनुपर्नेछ ।

ग. दैनिक कम्तिमा २०० लिटर र वार्षिक कम्तिमा २०० दिन दूधको कारोबार गर्ने गरेको हुनुपर्नेछ ।

३. सहकारीको छनौट

क. कार्यालयलेले दूध उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनको लागि यस कार्यविधिको परिच्छेद (२) को दफा (५) को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरू अवलम्बन गरी सहकारीको छनौट गर्नेछ ।

४. पेश गर्नुपर्ने कागजातहरू

क. सम्बन्धित निकायमा दर्ता भएको र नवीकरण गर्नु परेकोमा नवीकरण गरेको प्रमाणको प्रतिलिपि,

ख. कर चुक्ता प्रमाणको प्रतिलिपि

ग. सहकारीले अघिल्लो आर्थिक वर्षमा दूधको कारोबार गरेको अभिलेख पेश गर्नुपर्नेछ ।

९. संचालन गरिने क्रियाकलापरू

क. दूध उत्पादनमा प्रोत्सहन कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/ दूध व्यवसायीले छनौट भएको सहकारी निवेदनका पेश गर्नुका साथ दैनिक उत्पादन हुने दूधको परिमाण खुलाउनु पर्नेछ ।

ख. गाउँपालिका भित्र दूध उत्पादन गरी दुग्ध सहकारीमा हरेक आर्थिक वर्ष कम्तीमा ३० दिन दूध बिक्री गर्ने कृषकलाई सम्बन्धित दुग्ध सहकारी मार्फत प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ ।

ग. प्रति सहकारी अधिकतम रू. १७ लाख ५० हजार उपलब्ध गराउन सकिनेछ। तर गत आर्थिक वर्षमा प्रोत्सहन रकम प्राप्त गरेको सहकारीको हकमा चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको तुलनामा थप उत्पादन तथा कारोबार गरेका सहकारीलाई प्राथमिकता दिइने छ ।

घ. सहकारीलाई प्रोत्सहन वापत रकम उपलब्ध गराउँदा प्रति लिटर अधिकतम रु.५ (पाँच रुपैया)को दरले उपलब्ध गराउन सकिनेछ ।

ङ. छनौट भएका सहकारीहरूलाई प्रोत्सहन वापतको रकम अर्धवार्षिक रूपमा उपलब्ध गराउन सकिनेछ। प्रोत्सहन वापतको रकम कार्यालयले सहकारीको बैङ्क खातामा उपलब्ध गराउनेछ ।

च. छनौट भएका सहकारीहरूले प्रोत्सहन वापतको रकम प्राप्त गर्न अर्धवार्षिक रूपमा निवेदन पेश गर्नुपर्ने र निवेदनको साथमा प्रत्येक कृषकले उक्त अवधीमा सहकारीमा बिक्री गरेको दूधको परिमाण सहितको विवरणहरू पनि पेश गर्नुपर्नेछ ।

छ. सहकारीले प्राप्त रकम कृषकलाई निजको बैंक/वित्तिय संस्थामा रहेको खातामा जम्मा गरिदिनुपर्नेछ वा खाता नभए सोझै नगद दिन सक्नेछ र रकम भुक्तानीको पूर्ण भरपाई विवरण कार्यालयमा उपलब्ध गराउनुपर्नेछ ।

१०. औषधी खरिद तथा वितरण

१. पशुपन्छीको उपचार तथा स्वस्थय प्रवर्द्धन गर्नको लागि कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को अधिनमा रही पशुपन्छीसँग सम्बन्धित औषधी खरिद गर्नेछ ।

२. औषधी खरिद गर्दा खरिद बिधि सम्बन्धी प्रचलित ऐन नियमावली बमोजिम खरिद ईकाईले निर्धारण गरे बमोजिम हुनेछ ।

३. औषधी खरिद गर्दा कम्तिमा १ (एक) वर्षको म्याद रहेको औषधी खरिद गरिने छ ।

४. पशु सेवा शाखा/ वडा स्तरीय सेवा केन्द्र मार्फत कृषक, कृषक समूह, कृषक सहकारी संस्था र कृषि फर्मलाई वितरण गरिनेछ ।

५. औषधी लिनको लागि कृषक स्वयं उपस्थित हुनुपर्नेछ तर कृषक स्वयं अशक्त भई कार्यालयमा उपस्थित हुन नसकेको अवस्थामा निजको एकाघरको सदस्यलाई औषधी वितरण गर्न वाधा पर्ने छैन ।

६. एक कृषकले एक पटकमा ३० बाख्रा, ५ गाई, ५ भैंसी, १० बंगुर भन्दा बढीको लागि औषधी लैजानु परेमा फर्म दर्ताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

७. औषधी लैजादा दर्ता शुल्क वापतको रकम गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**रेबिज रोग नियन्त्रण कार्यक्रम**

१.संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन (FAO), विश्व स्वास्थ्य संगठन (WHO), विश्व पशु स्वास्थ्य संगठन (WOAH) र रेबिज नियन्त्रणका लागि विश्वव्यापी गठबन्धन (GARC) ले विश्वव्यापी रुपमा कुकुरको टोकाइबाट सर्ने रेबिजबाट हुने मानव मृत्युलाई सन् २०३० भित्र शून्यमा झार्ने लक्ष्य लिएकोमा नेपालमा समेत यो लक्ष्य लिएकोमा कार्यालयले समेत रेबिज रोग नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेछ ।

२.उपदफा (१) बमोजिम रेबिज नियन्त्रणको कार्यक्रम अन्तरगत घरपालुवा, सामुदायिक तथा छाडा कुकुरमा रेबिज खोप कार्य सञ्चालन गरिनेछ ।

३.उपदफा (२) बमोजिमको कार्यका लागि विनियोजित कुल बजेटको आवश्यकता अनुसार खर्च गर्न सकिनेछ ।

४. उपदफा (१) बमोजिमको कार्य बाहेक रेबिज नियन्त्रण कार्यक्रम अन्तरगत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

क. स्थानीय तहमा गैर-सरकारी क्षेत्रमा रेबिज नियन्त्रणमा कार्यरत संघ संस्थाको अभिलेखीकरण,

ख. सामुदायिक तथा छाडा कुकुर गणना गरी म्यापिङ गर्ने,

ग. सामुदायिक तथा छाडा कुकुरको संख्या नियन्त्रण गर्न बन्धायकरण शिविर,

घ. घरपालुवा कुकुरको दर्ता अभिलेखीकरण गरी सम्बन्धित धनीलाई दर्ता प्रमाण पत्र दिने,

ङ. स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा कार्यरत सरोकरवालासँग रेबिज नियन्त्रणको लागि अन्तरक्रिया गर्ने,

च. रेबिज रोग नियन्त्रण सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम संचालन गर्ने ।

छ. रेबिज रोग सर्भीलेन्स, नमूना प्रेषण तथा रिर्पोटिङ गर्ने,

ज. रेबिज रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रकाशन, प्रसारण तथा सञ्चालन गर्ने

**११. बाँझोपन निवारण घुम्ती/घरदैलो तथा पशु स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम**

१.यस गाउँपालिकाका अधिकांश पशुपालक कृषकको पशु पालन र दुग्ध व्यवसायको महत्वलाई दृष्टिगत गरी पशुहरू विद्यमन बाँझोपन तथा अन्य पशु स्वास्थ्य समास्यलाई शिविर/घुम्ती शिविर/घरदैलो कार्यक्रमको माध्यमबाट निदान तथा उपचारको लागि यो कार्यक्रम सञ्चालन गरिने छ ।

२.शिविर सञ्चालन गर्नुपूर्व पशु सेवा शाखाले सम्बन्धित वडा कार्यालय तथा सम्बन्धित वडाको पशु प्राविधिकसँग समन्वय गर्नुपर्नेछ ।

३. पशु सेवा शाखाले शिविर सञ्चालनको मिति र स्थान सम्बन्धित वडा कार्यालय, पशु प्राविधिक, कृषक, पशुपालक कृषक समूह तथा सहकारीलाई जानकारी गराउनेछ ।

४. पशु सेवा शाखाले कार्यक्रम सञ्चालन हुन १ (एक) हप्ता अगावै स्थानीय सञ्चार माध्यम, रेडियो, पोष्टर, पम्पलेट तथा अन्य उपयुक्त माध्यमबाट प्रचारप्रसार गरिनेछ ।

५. पशु सेवा शाखाले विशेषज्ञ टोली सहित शिविरको लागि आवश्यक पर्ने औषधी, खोप तथा अन्य सामग्रीहरूको व्यवस्थापन गर्नेछ ।

६.कार्यक्रम सञ्चालनको लागि आवश्यक सम्पूर्ण क्रियाकलाप तथा खरिद गर्नुपर्ने औषधीको खर्च योजना बनाई प्रमुख प्रशासकीय अधिकृतसँग पूर्व स्वीकृती लिनुपर्नेछ ।

७.विशेषज्ञ टोलीमा शाखाको आवश्यकता अनुसार संघीय तथा प्रदेशीक कार्यालय, भेटेरिनरी शिक्षण संस्थान/विश्वविद्यालय, पशु स्वास्थ्य अनुसन्धान र निजी क्षेत्रमा कार्यरत पशु चिकित्सक, प्राविधिक, प्राध्यापक/उपप्राध्यपक एवम् अनुसन्धनकर्ता हुने सक्नेछन।

८.कार्यक्रममा खटिएका कर्मचारी तथा आवश्यकता अनुसारका विज्ञहरूको दैनिक तथा भ्रमण भत्ताको व्यवस्था प्रचलित आर्थिक नियमानुसार कार्यालयले गर्नेछ।

१२. डेरी पसल निर्माण/सुधार कार्यक्रम

१. दूध तथा दुग्धजन्य पदार्थहरू मानवका लागि मात्र नभएर रोग कारक जीवाणुहरूको लागि समेत पोषणयुक्त हुने भएकोले मानव स्वास्थलाई प्रवर्द्धन गर्न स्वस्थ, स्वच्छ एवम गुणस्तरीय दूध तथा दुग्धजन्य पदार्थ व्यवस्थित भण्डारण र बिक्री वितरण गर्न दुग्ध उत्पादन तथा व्यवसायमा संलग्न कृषक, कृषक समूह, व्यवसायिक फर्म, सहकारीसँग लागत साझेदारीमा डेरी पसल निर्माण/ सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

२.कार्यालयले डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालनको लागी यस कार्यविधिको परिच्छेद (२) को दफा (४) को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरू अवलम्बन गरी डेरी व्यवसायमा संलग्न कृषक, कृषक समूह, सहकारीको छनौट गर्नेछ ।

३. कार्यक्रममा सहभागी हुन प्रस्तावकको योग्यताः-

क. नियमानुसार सम्बन्धित निकायमा दर्ता हुनुपर्नेछ ।

ख. दैनिक कम्तिमा ५० लिटर दूध वा सो बराबरको दुग्धजन्य पदार्थको बिक्री वितरण गरेको हुनुपर्नेछ ।

ग. ठूलो डेरी पसल सामान्यता १५ फिट लम्बाई र ८ फिट चौडाई तथा सानो डेरी पसलको हकमा ८ फिट लम्बाई र ७ फिट चौडाई तथा ८ फिट उचाँई कायम रहने गरी सिलिङ्ग राखिएको हुनुपर्नेछ ।

घ. डेरी पदार्थहरूको गुणस्तरीयता एवं स्वच्छता कायम गर्न उचित तापक्रममा भण्डारण गर्नको लागि फ्रिज/डिप फ्रिज/ रेफ्रिजेरेटरको व्यवस्था हुनुपर्नेछ ।

ङ. डेरी पसलको सिलिङ्गबाट फोहोरमैला नखस्ने र पानी नचुहिने गरि बनाएको हुनुपर्नेछ ।

च. डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा कम्तीमा ६ फिट उँचाई सम्म सेतो रङ्गको टायल लगाई त्यस भन्दा माथि सेतो रङ्ग लगाएको हुनुपर्नेछ ।

छ. बिक्री कक्षको भुँई नचिप्लिने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको वा टायल/मार्बल लगाई सजिलै सफा गर्न सकिने हुनुपर्नेछ ।

ज. डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरू खिया नलागेको स्टेनलेस स्टीलले बनेको हुनुपर्नेछ ।

झ. डेरी पसलमा काम गर्ने व्यक्तिको लागि एप्रोन, मास्क, क्याप र ग्लोभसको व्यवस्था हुनुपर्नेछ ।

ञ. डेरी पसलमा सफा/स्वच्छ हुनुपर्नेछ ।

ट. डेरी पसल र आसपासका क्षेत्र सफा/स्वच्छ तथा दुर्गन्धरहित हुनुपर्नेछ ।

४.डेरी पसल निर्माण/सुधार कार्यक्रम अन्तरगत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछः-

क. बिक्री कक्ष निर्माण, टायल/मार्बल फिटिङग, रङ्ग रोगन आदि ।

ख. मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज/डिप फ्रिज खरिद ।

**१३.** मासु पसल निर्माण/सुधार कार्यक्रम

१.आम उपभोक्तहरूको स्वच्छ, स्वस्थ एवं गुणस्तरीय मासु तथा मासुजन्य पदार्थ उपभोग गर्न पाउने अधिकारको सुनिश्चितताका लागि हाल सञ्चालनमा रहेका वा नयाँ स्थापना हुने मासु पसलहरूलाई एक निश्चित मापदण्ड मुताबिक स्तरोन्नती र व्यवस्थित गरी मानव स्वास्थलाई प्रवर्द्धन गर्न स्वस्थ, स्वच्छ एवम गुणस्तरीय मासु तथा मासुजन्य पदार्थ व्यवस्थित भण्डारण र बिक्री वितरण गर्न लागत साझेदारीमा मासु पसल निर्माण/ सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

२.कार्यालयले मासु पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन लागि यस कार्यविधिको परिच्छेद (२) को दफा (४) को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरू अवलम्बन गरी मासु व्यवसायमा संलग्न कृषक, कृषक समूह, सहकारीको छनौट गर्नेछ ।

३.कार्यक्रममा सहभागी हुन प्रस्तावकको योग्यताः-

क. नियमानुसार सम्बन्धित निकायमा दर्ता र नवीकरण भएको हुनुपर्नेछ ।

ख. मासु पसलः दैनिक औषत १० के.जी. भन्दा बढी मासु बिक्री गर्ने मासु पसललाई दर्ता प्रकृयामा समेल गरिने छ ।

ग. मासु पसलको कम्तीमा ६० वर्ग फिट क्षेत्रफल हुनुपर्नेछ ।

घ. मासु पसलको उचाई कम्तिमा ८ फिट कायम रहने गरि सिलिङ्ग राखिएको र सिलिङ्गबाट फोहोरमैला नखस्ने र पानी नचुहिने गरि बनाइएको हुनुपर्ने ।

ङ. मासु पसलको भित्ता पक्की खालको र भित्ताको भित्रि भागमा ६ फिट उचाईसम्म सेतो रङ्गको टायल लगाई त्यस भन्दा माथि सेतो रङ्ग लगाइएको हुनुपर्नेछ ।

च. बिक्री कक्षको भुई नचिप्लिने, पानी नजाम्ने र नसोस्ने किसिमले ढलान गरिएको वा टायल मार्वल लगाई सजिलै सफा गर्न सकिने हुनुपर्नेछ।

छ. मासु काट्ने औजार उपकरण खिया नलागेको तथा गुणस्तरीय स्टेनलेस स्टीलले बनेको हुनुपर्ने ।

ज. मासु पसलमा काम गर्ने व्यक्तिले एप्रोन, गामबुट, मास्क, क्याप र ग्लोब लगाउनुपर्ने ।

झ. मासु काट्ने अचानो/चपिङ् बोर्ड गुणस्तरीय सफा र प्रयोग नभएको बखत छोपेर राखिएको हुनुपर्ने ।

ञ. मासु पसलमा डिप फ्रिज, विधुतिय तौल मेशिन इत्यादि आवश्यक उपकरणहरूको अनिवर्य व्यवसथा हुनुपर्ने ।

ट. मासु पसलमा सफा पानीको मात्र प्रयोग गर्नुपर्ने ।

ठ. मासु पसल र आसपासको क्षेत्र सफा/स्वच्छ हुनुका साथै फोहोर मैला व्यवस्थापनको उचित प्रबन्ध भएको हुनुपर्ने ।

ड. पशुपंक्षी बध गर्ने र मासु बिक्री कक्ष/स्थान छुट्टछुट्टै हुनुपर्नेछ ।

ढ. छुट्टा-छुट्टै पशुपन्छीको मासु छुट्टा-छुट्टै डिप फ्रिजमा राख्नुपर्ने र साथै प्रयोग हुने अचानो, हतियार र तौल लिन प्रयोग हुने भाँडा पनि छुट्टा छुट्टै हुनुपर्नेछ ।

ण. मासु पसलमा हावा राम्रो सँग ओहोरदोहोर गर्ने र बिजुलीको सुबिधा भएको स्थानमा सेतो ट्युबलाईटको प्रयोग भएको हुनुपर्ने।

त. मासुको गुणस्तर कायम गर्न आवश्यक सरसफाई, झ्याल ढोका व्यवस्थापन गर्नुपर्नेछ ।

४. मासु पसल निर्माण/सुधार कार्यक्रम अन्तरगत प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछः-

क. मासु पसलको कोठा बनाउन भित्ता र भुईमा टायल लगाउन वा मार्वल बिछयाउन,

ख. मासु, मासुजन्य पदार्थ र माछा भण्डारणको लागि फ्रिज वा डिप फ्रिज खरिद गर्न ।

ग. पशुपंक्षी बध गर्दा निस्कने फोहोरको व्यवस्थापन गर्न,

घ. पशुपंक्षी काट्ने, भुत्ल्याउने र सफा गर्ने स्लायब, टेबुल किन्न/ बनाउन,

ङ. उपकरण खरिद जस्तै मासु झुण्डयाउने हुक, स्टेनलेस स्टील टेबल चक्कुहरू, डिजिटल तराजु, अचानो आदि ।

च. विभिन्न जातका पशुपंक्षीको मासु अलग-अलग राखी बेच्नका लागि सिसाको पार्टिशन

५. सुधारिएको मासु पसलको सामान्य स्वरुप पशु बधशाला तथा मासु जाँच ऐन,२०५५ र नियमावली २०५७ एवं प्राविधिक निर्देशिका २०६४ मा तोकिए बमोजिम हुनुपर्नेछ ।

## १४. घाँस विकास कार्यक्रम

१. पशुपालन क्षेत्रलाई दिगो र प्रतिस्पार्धी व्यवसायको रुपमा विकास गरी दूध र मासुको उतपादन र उत्पादकत्व बृद्धि गर्नमा घाँस खेतीको महत्वलाई आत्मसात गर्दै वर्षै भरि हरियो घाँसको उपलब्धता सुनिश्चितताको लागि व्यवसायिक कृषक तथा कृषक समूह/समिति/ सहकारी मार्फत उन्नत जातका हिउँदे, वर्षे र बहुवर्षे घाँस खेती प्रवर्द्धन गर्न नितान्त आवश्यक देखिएको छ ।

**२. हिउँदे/वर्षे/बहुवर्षे घाँसको बीउ/बेर्ना/सेट्स वितरण कार्यक्रम सञ्चालन प्रक्रिया**

क. पशुपालनमा आबद्ध कृषक/कृषक समूह/समिति/सहकारी उद्यमीहरूलाई वार्षिक स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रहि निःशुल्क वितरण गरिने छ ।

ख. पशु सेवा शाखाले कृषकको माग बमोजिम संकलन गरी उपलब्ध भए सम्म सरकारी निकायबाट नभए निजी संस्थाबाट पनि घाँसको बिउ खरिद गरी वितरण गर्न सक्नेछ ।

ग. बीउ माग गर्न आउँदा नागरिकताको प्रतिलिपि, लिखित निवेदन तथा सम्बन्धित वडाको सिफारिस पेश गर्नुपर्नेछ ।

घ. सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिमाको खरिद प्रक्रिया अपनाउनु पर्नेछ ।

ङ. कार्यक्रम संचालनको लागि कार्ययोजना बनाई कार्यालय प्रमुखको पूर्व स्वीकृती लिनुपर्नेछ ।

## १५. माछा भूरा वितरण कार्यक्रम

१. यस मोदी गाउँपालिकाका मत्स्य व्यवसायी कृषकहरूलाई प्रोत्साहन गर्नको लागि पशु सेवा शाखाले कृषकको माग बमोजिम संकलन गरी उपलब्ध भए सम्म सरकारी निकायबाट नभए निजी संस्थाबाट पनि माछा भूरा खरिद गरी वितरण गर्न सक्नेछ ।

२. भूरा वितरण गर्दा पोखरीको क्षेत्रफल, भौगोलिक उपयुक्तता, तथा मत्स्य विकास सम्भवयताको आधारमा वितरण गरिने छ ।

३. माग गर्न आउँदा नागरीकताको प्रतिलिपि, लिखित निवेदन तथा सम्बन्धित वडाको सिफारिस पेश गर्नुपर्नेछ ।

४. सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिमाको खरिद प्रक्रिया अपनाइनेछ ।

५. कार्यक्रम संचालनको लागि कार्ययोजना बनाई कार्यालय प्रमुखको पूर्व स्वीकृती लिनुपर्नेछ ।

## १६. मिनरल ब्लक वितरण कार्यक्रम

१. यस मोदी गाउँपालिकाले दूधालु (लैनो) गाईभैंसीमा पोषण प्रवर्द्धनको आवश्यकतालाई मध्यनजर गर्दै पशु सेवा शाखाले कृषकको माग बमोजिम संकलन गरी उपलब्ध भए सम्म सरकारी निकायबाट खरिद गर्ने र उपलब्ध नभएमा निजी संस्थाबाट पनि मिनरल ब्लक खरिद गरी वितरण गर्न सक्नेछ

२. मिनरल ब्लक माग गर्न आउँदा नागरिकताको प्रतिलिपि, लिखित निवेदन तथा सम्बन्धित वडाको सिफारिस पेश गर्नुपर्नेछ ।

३. सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिमाको खरिद प्रक्रिया अवलम्वन गर्नुपर्नेछ।

४. कार्यक्रम संचालनको लागि कार्ययोजना बनाई कार्यालय प्रमुखको पूर्व स्वीकृती लिनुपर्नेछ ।

## १७. व्यवसायिक गाई/भैंसी फर्म प्रवर्द्धन कार्यक्रम

१. गाउँपालिकामा व्यवसायिक गाईभैंसी पालनलाई प्रवर्द्धन एवम प्रोत्सहन गर्न व्यवसायिक गाईभैंसी फर्म प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।

२. कार्यक्रम सञ्चालन गर्दा यसै कार्यविधिको परिच्छेद (२) को दफा (५) को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरू अवलम्बन गरी कृषक/कृषक समूह/व्यवसायिक फर्मको छनौट गरिनेछ ।

३. यस कार्यक्रममा सहभागी हुन आवेदक यदि निजी फर्म भएमा कम्तिमा ३ र समूह /सहकारी भएमा प्रति सदस्य कम्तीमा २ वटा प्रजनन् योग्य गाईभैंसी पालन गरेको हुनुपर्नेछ । प्रत्येक कृषकले दैनिक कम्तिमा १० लिटर दुध उत्पादन/बिक्री/प्रशोधन गरेको हुनुपर्ने, पशुको बिमा गरेको हुनुपर्नेछ । समूहको हकमा कम्तिमा १० जना सदस्य हुनुपर्नेछ ।

४. यस कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

क. ट्रेभिज निर्माण, फर्म मेशीनरी औजार तथा उपकरणहरू खरिद (हुफ कटर, ट्यागिङ मेशीन, च्याफ कटर, काउ म्याट, दूध दुहुने मेशिन, मिल्क क्यान, औषधी ड्रेन्चिङ् गन, गाईभैंसी लिफ्टिङ मेशिन आदि।

ख. जैविक सुरक्षा (बारबन्देज, फुट बथ, मलमुत्र व्यवस्थापन आदि) सम्बन्धी कार्य ।

ग. गोठ निर्माण तथा मर्मत सुधार ।

घ. घाँस खेती बिस्तार ।

ङ. प्रजननयोग्य/दुहुने गाई भैंसी खरिद

## १८. व्यवसायिक बाख्रा फर्म प्रवर्द्धन कार्यक्रम

१. व्यवसायिक बाख्रा फर्म कार्यक्रम सञ्चालन गर्दा यसै कार्यविधिको परिच्छेद (२) को दफा (५) को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरू अवलम्बन गरी कृषक/कृषक समूह/व्यवसायिक फर्मको छनौट गरिनेछ ।

२. यस कार्यक्रममा सहभागि हुन आवेदक निजी फर्म भएमा कम्तिमा १५ वटा र समूह /सहकारी भएमा प्रति सदस्य कम्तीमा ५ वटा प्रजनन् योग्य बाख्रा पालन गरेको हुनुपर्नेछ । पशुको बिमा गरेको हुनुपर्नेछ । समूहको हकमा कम्तिमा १० जना सदस्य हुनुपर्नेछ । सहकारीको हकमा कम्तिमा २५ जना सदस्य हुनुपर्नेछ ।

३. यस कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

क. बाख्राको खोर निर्माण/सुधार ।

ख. जैविक सुरक्षा ( बारबन्देज, फुट बथ, मलमुत्र व्यवस्थापन आदि) सम्बन्धी कार्य ।

ग. डाले घाँस/ भुई घाँस खेति बिस्तार ।

घ. प्रजनन् योग्य माउ बाख्रा तथा बोका खरिद ।

ङ. डिपिङ्ग ट्याङ्क निर्माण ।

च. फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

## १९. व्यवसायिक बङ्गुर फर्म प्रवर्द्धन कार्यक्रम

१.व्यवसायिक बङ्गुर फर्म प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दा यसै कार्यविधिको परिच्छेद (२) को दफा (५) को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरू अवलम्बन गरी कृषक/कृषक समूह/व्यवसायिक फर्मको छनौट गरिनेछ ।

२. यस कार्यक्रममा सहभागि हुने बंगुर पालक कृषक/फर्म/व्यवसायिले पाठापाठी उत्पादन प्रयोजनले कम्तिमा ५ वटा भुनि र मासु उत्पादन प्रयोजनको लागि कम्तिमा १० वटा बंगुर पालेको हुनुपर्नेछ । पशुको बिमा गरेको हुनुपर्नेछ ।

३. यस कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

क. बंगुरको खोर निर्माण/सुधार ।

ख. जैविक सुरक्षा ( बारबन्देज, फुट बथ, मलमुत्र व्यवस्थापन आदि) सम्बन्धी कार्य ।

ग. प्रजनन् योग्य बंगुर खरिद ।

घ. डिपिङ्ग ट्याङ्क निर्माण ।

ङ. फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

## २०. व्यवसायिक कुखुरा फर्म प्रवर्द्धन कार्यक्रम

१.व्यवसायिक कुखुरा फार्म प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दा यसै कार्यविधिको परिच्छेद (२) को दफा (५) को उपदफा (१) देखि (९) सम्मका प्रावधानहरू अवलम्बन गरी कृषक/कृषक समूह/व्यवसायिक फर्मको छनौट गरिनेछ ।

२. यस कार्यक्रममा सहभागि हुने कुखुरा पालक कृषक/फर्म/व्यवसायीले कम्तिमा १०० (एक सय) वटा ब्रोइलर/लेयर्स कुखुरा र स्थानीय जातका कुखुरा, टर्की, हाँसको हकमा कम्तिमा ५० वटा पालेको हुनुपर्नेछ ।

३.यस कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

क. कुखुराको खोर निर्माण/सुधार ।

ख. जैविक सुरक्षा ( बारबन्देज, फुट बथ, मलमुत्र व्यवस्थापन आदि) तथा फोहोर व्यवस्थापन सम्बन्धी कार्य ।

ग. व्यवसायिक कुखुरा फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण (ब्रुडर, फिडर, पानी राख्ने भाडा आदि ) खरिद ।

# परिच्छेद ४
# विविध

२१. अनुगमन र मूल्याङ्कन

१. आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाहरूबाट र भुक्तानी प्रयोजनका लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलिहरूबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ ।

२. अनुदानको उपयोग एवम् प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरू पालन भए नभएको कार्यालय वा कार्यालयको स्वीकृतीमा पशुसेवा शाखाले नियमित रुपमा अनुगमन गर्न सक्नेछ ।

३. अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालना गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

४. कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरि अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारीका लागि राख्नुपर्नेछ ।

१८. कारबाही हुन सक्नेः प्रस्ताव स्वीकृत भएका कार्यक्रमका साझेदारहरूले सम्झौता अनुसारको कार्य सम्पन्न नगरे वा अनुदानको दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

१९. थपघट वा हेरफेर गर्न सकिनेः

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसूची-१
## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति.........................

मोदी गाउँपालिका पशु सेवा शाखाको आ.व. ....................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरूमा सहभागी हुन ईच्छुक आवेदकहरूले यो सूचना प्रकाशित भएको मितिले ......... दिन भित्र मोदी गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालयमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कुल बजेट रु./ अनुदान सिमा | आवश्यक न्यूनतम पूर्वाधार तथा मापदण्ड | आवेदन दिन अन्तिम मिति |
|---|---|---|---|---|
| १ | | | | |

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू:

१. अनुसूची-२ बमोजिम रु. १० को टिकट सहितको आवेदन, अनसूची-३ बमिजिमको कार्ययोजना, अनुसूची-४ बमोजिमको लागत साझेदारी प्रतिबद्धता, अनुसूची-५ बमोजिमको स्वघोषणा पत्र ।
२. सम्बन्धित वडाको सिफारिस पत्र ।
३. आवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
४. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/व्यवसाय/फर्म दर्ता तथा नवीकरण र स्थायी लेखा नं./ भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. समूह/समिति/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि ।
६. अघिल्लो आ.व को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
७. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि वा जग्गा करार/लिजमा लिएको हकमा कम्तीमा १० वर्षको करारनामा वा सम्झौता पत्र ।
८. कार्यक्रमको प्रकृति अनुसार कागजात थपघट गर्न सकिने ।

अनुसूची-२

**प्रस्ताव आवेदन**

मितिः

श्री ........................

.....................................

विषयः प्रस्ताव पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको पशु सेवा शाखाको मिति .................................. मा प्रकाशित सूचना बमोजिम म निवेदकले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक प्रक्रिया बढाईदिन यो निवेदन पेश गरेको छु ।

निवेदकः

नामः

दस्तखतः

मितिः

पान नं.

प्रस्तावित कार्यक्रमको नाम

कार्यक्रम संचालन हुने स्थानको पुरा ठेगानाः

| |
|---|
| फर्मको छाप / हस्ताक्षर |

## अनुसूची-३

## व्यवसायिक कार्ययोजना

१. जिल्लाः-

२. स्थानीय तहः-

३. फर्म/संस्थाको नामः-

४. सम्पर्क व्यक्तिको नामः-

५. सम्पर्क नं.-

६. संस्था/फर्म दर्ता नं.-

७. प्रस्तावित कार्यक्रमको नामः-

८. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरूः

| क्र.सं. | विवरण | एकाई | परिमाण | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

९. हालको व्यवसायिक संलग्नताः

| क्र.सं. | हाल सञ्चालित क्रियाकलापहरू |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

मूख्य उत्पादन र करोबार विवरणः

| क.सं. | हाल उत्पादन गरिएका वस्तुहरू | वार्षिक परिमाण | करोबार रकम |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| व्यवसायबाट सिर्जित रोजगारी संख्या | | | |

१०. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्यक्रमहरूको विवरणः

| क.सं. | प्रस्तावित कार्यक्रमहरू | इकाई | परिमाण | दर | कुल लागत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

लागत साझेदारी विवरण

| आवेदकले व्यहोर्ने रकम | अनुदान रकम रु. | जम्मा |
|---|---|---|
| | | |

११. उत्पादित वस्तुको बजार योजनाः

क.

ख.

१२.    कार्यक्रम सञ्चालन हुने स्थानको वतावरणीय अवस्था

१३.    सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्त्ता

१४.    यो कर्यक्रम सञ्चालन गर्दा वातावरणमा पर्न जाने नकरात्मक प्रभावलाई कसरी निराकरण गर्न सकिन्छ ?

१५.    प्रस्तावित क्रयाकलाप सम्पन्न भए पश्चत हुने अपेक्षित उपलब्धीहरू

क.

ख.

ग.

कार्ययोजना पेश गर्नेः

- संस्था/फर्मको नामः-
- सञ्चालकको नामः-
- पदः-
- दस्तखतः-
- मितिः-

| फर्मको छाप/हस्ताक्षर |
| --- |

## अनुसूची-४

## लागत साझेदारीको प्रतिबद्धता

मोदी गाउँपालिका पशु सेवा शाखाको मिति ........................ मा प्रकाशित सूचना अनुसार मोदी गाउँपालिका ......... नं. वडा ........................... गाउँ/टोल स्थायी ठेगाना भएको श्री ...........................................ले लागत साझेदारीमा ........................................................... कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु. ......................... को ................ प्रतिशतले हुन आउने रु. ...................... अक्षरेपी ............................ बराबरको लगानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोर्ने कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको:

नामः

दस्तखतः

मितिः

संस्थाको छापः

## अनुसूची-५

## समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

मोदी गाउँपालिका पशु सेवा शाखाको मिति ........................ मा प्रकाशित सूचना अनुसार मोदी गाउँपालिका .... नं. वडा ............................... गाउँ/टोल स्थायी ठेगाना भएको श्री ................................................................ ले लागत साझेदारीमा .............................................. कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय योजना सँग मेल खाने कार्यका लागि विगत २ वर्ष भित्र संघीय सरकार वा प्रदेश सरकारको मातहतका मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र तथा स्थानीय तहबाट अनुदान नलिएको स्वघोषण गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगाएत नियमानुसारको अन्य सजाय भोग्न समेत तयार छु ।

| दायाँ | बायाँ |
| --- | --- |
| | |

निवेदकको:

नामः

दस्तखतः

मितिः

संस्थाको छापः

## अनुसूची-६
## प्रस्ताव मूल्याङ्कन फारम

| क्र.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १ | आवश्यक कागजातहरूको संलग्नता | ६ |
| २ | लक्षित वर्ग, क्षेत्र र मापदण्डको अनुरुप आवेदकको उपयुक्तता | १२ |
| ३ | प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक,भौगोलिक र वातावरणीय उपयुक्तता | १२ |
| ४ | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरूको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल | १५ |
| ५ | कार्ययोजनामा लागत साझेदारीको आँकलन | ५ |
| | जम्मा | ५० |

## अनुसूची-७

## स्थलगत प्रमाणीकरण मूल्याङ्कन फर्म (फिल्ड भेरिफिकेशन)

**(क) सामान्य जानकारी**

१. स्थानीय तह/जिल्ला:

२. आवेदकको नाम:

३. स्थायी ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. कार्यक्रम सञ्चालन भएको स्थानको ठेगाना:

६. स्थलगत प्रमाणीकरण मिति:

७. स्थलगत प्रमाणीकरणमा संलग्न पदाधिकारीहरूको विवरण:

| क्र.सं. | पदाधिकारीहरूको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**(ख) आवेदकको मूल्याङ्कन**

| **क्र.स** | **मूल्याङ्कनका सूचकहरु** | **अंक भार** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| **१** | **भौतिक क्षमता** | **३०** | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफनै स्वामित्वको छ/छैन | ५ | |
| १.२ | प्रस्तावित कार्यक्रम सञ्चालन गर्न प्रयाप्त जग्गा/क्षेत्रफल छ/छैन | ५ | |

| | | | |
|---|---|---|---|
| १.३ | भविष्यमा विस्तारका लागि लागि जग्गा उपलब्ध हुनसक्ने संभावना छ/छैन | ५ | |
| १.४ | बाढि पहिरोले क्षती नपुग्ने अवस्था छ/छैन | ५ | |
| १.५ | कार्याक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, बिजुलीको सुबिधा छ/छैन | ५ | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त छ/छैन | ५ | |
| **२** | **प्राविधिक क्षमता** | **१५** | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने क्रियाकलापमा हाल संलग्नता छ/छनै | ५ | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| २.३ | आवेदक सम्वन्धित विर्षयको तालिम अनुभव प्राप्त छ/छैन | ५ | |
| **३** | **वित्तिय क्षमता** | **१५** | |
| ३.१ | आवेदक लागत साझेदारी गर्न सक्ने आर्थिक अवस्था छ/छैन | ५ | |
| ३.२ | साझेदारीका लागि बैक मौज्दात वा सञचालित कारोवार बचत छ/छैन | ५ | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्नसक्ने अवस्था छ/छैन | ५ | |
| ४ | **वातावरणीय उपयुक्तता** | १० | |

| | | | |
|---|---|---|---|
| | | | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानीय बासिन्दाबाट विरोध नहुने अवस्था छ/छैन | ५ | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकरात्मक असर नपुग्ने अवस्था छ/छैन | ५ | |
| **५** | **अन्य पक्षहरु** | **२०** | |
| ५.१ | संस्था/व्यक्तिको व्यवसायिक क्रियाशिलता छ/छैन | ५ | |
| ५.२ | दर्ता, नविकरण, अडिट, र करचुक्ता अध्यावधिक छ/छैन | ५ | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारीकरण हुन सक्ने अबस्था छ/छैन | ५ | |
| **६** | **स्थलगत टोलीको राय** | **१०** | |
| ६.१ | प्रस्तावमा उल्लेखित कुरा र स्थलगत अवस्था बिच समानता छ/छैन | ५ | |
| ६.२ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | ५ | |
| | **जम्मा** | १०० | |

नोटः मुल्यांकन वापत शुन्य देखि ५ अंक सम्म प्रदान गरिनेछ ।कुल ४० भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरू छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छन । मुल्यांकनको क्रममा कुल प्राप्ताङ्कको आधारमा प्राथमिकिकरण गर्दा देहाय बमोजिम गरिनेछ ।

क. अति उत्तम ९० देखि १०० अंक

ख. उत्तम ७० देखि ९० अंक

ग. मध्यम ५० देखि ७० अंक

घ. सुधारोन्मुख ४० देखि ५० अंक

ङ. कमजोर वा आयोग्य ४० भन्दा कम

(ग) आवेदकसँग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरूको विवरण

| क.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणीकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

१.

२.

३.

४.

स्थलगत प्रमाणीकरणमा भेटिएका तथ्यहरूको आधारमा आवेदकसँग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ/हुदैन भनी राय पेश गर्ने ।

| क.स. | स्थलगत प्रमाणीकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

## अनुसूची-८
## सम्झौता-पत्र

मोदी गाउँपालिका पशु सेवा शाखाको आ.व..............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा .....................कार्यक्रम सञ्चालन गर्नका लागि मिति.....................गते प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस गाउँपालिकाको मिति....................को ..........................................स्तरीय निर्णयबाट श्री ............................ को प्रस्ताव छनौट भएको हुदाँ ........................(यस अधि प्रथम पक्ष भनिने) र श्री........................................( यस पछि दोश्रो पक्ष भनिने) का बिच तपसिल बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम सञ्चालन गर्न मन्जुर भै यो द्धिपक्षिय सम्झौता गरिदियौं/लियौं ।

इति सम्बत....... साल........ महिना...... .गते..... रोज शुभम्।

**तपसिल**

(१) ....................... कार्यक्रम ................ जिल्ला.................. महा/उपमहा/नगर/गाउँपालिका .............. नं. वडाको ...... गाउँ/टोलमा मिति .............. सम्पन्न गरिनेछ ।

(२) प्रथम पक्षले ................................ कार्यक्रम सञ्चालनको लागि दोस्रो पक्षले गरेको व्यवसाय योजना मुताविक निम्न बमोजिमका क्रियाकलापहरूका लगि अनुदान उपलब्ध गराउने छ ।

| क्र.सं. | क्रियाकलापको विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले वेहोर्ने | दोस्रो पक्षले वेहोर्ने |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| जम्मा | | | | |
| अक्षररुपी | | | | |

(३) प्रथम पक्षले अनुदान रकमबाट ३ प्रतिशत कन्टिजेन्सि वापत र नियमानुसारका अन्य कर कट्टा गरि बाकि रकम दोश्रो पक्षको बैङ्क खातामा भुक्तानी दिनेछ ।

(४) दोश्रो पक्षले स्वीकृत प्रस्ताव बमोजिमको डिजाईन र लागत ईष्टिमेन्ट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

(५) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्माण सम्बन्धित डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग बिल, अन्तिम बिल, र कार्य सम्पन्न प्रतिबेदन लगायतका सबै प्राबिधिक कार्यहरु तथा निर्माण,खरिद, ढूवानि, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(६) दोश्रो पक्षले सुरुमा आफनो लगानीबाट कार्य सुरुवात गरि सम्पन्न भएको कामको नेपाल सरकारबाट मान्यता प्राप्त पविधिकले तयार गरेको मेजरमेन्ट बुक, रनिङ्ग बिल, कार्य सम्पन्न प्रतिबेदन, नियमानुसारको भ्याट बिल र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गरे पश्चात प्रथम पक्षले स्थलगत प्राविधिक प्रतिबेदनको आधारमा मनासिव ठहरे बढिमा २ किस्तामा अनुदान रकम भुक्तानी गर्नेछ ।

(७) प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको अनुगमन/निरीक्षण गरि सम्झौता बमोजिम कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

(८) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चात सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनाको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुन्छ ।

(९) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरि अनिवार्य रुपले कार्यक्रमको नाम,ठेगाना तथा सहयोगि निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरि राख्नु पर्नेछ ।

(१०) दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिको) कार्यक्रमको प्रगति, उपलब्धि तथा कारोवार सम्वन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(११) कार्यक्रम सञ्चालनका क्रममा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमतिमा हुन्छ ।

(१२) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यसै कार्यविधि र प्रचलित कानुन बमोजिम हुन्छ ।

(१३) प्रथम पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारि बाँकि सरह असुल उपर गर्न सक्नेछ ।

(१४) द्विपक्षीय सम्झौतामा कार्यक्रमको प्रकृतिअनुसारका अन्य सान्दर्भिक बुदाँहरु थप गर्न सकिनेछ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| हस्ताक्षरः<br><br><br>नामः<br>पदः<br>कार्यालयको छाप<br>मितिः | हस्ताक्षरः<br><br><br>संस्थाको नामः<br>पदः<br>संस्थाको छाप<br>मितिः |

## अनुसूची-९

## पशुपंक्षी तथा मत्स्य फर्मको वर्गीकरण

यस गाउँपालिकामा सञ्चालनमा रहेका गाई, बाख्रा, बंगुर, कुखुरा, माछालाई संख्याको आधारमा तीन वर्गमा साना व्यवसायिक फर्म, मझौला व्यवसायिक फर्म र ठूला व्यवसायिक फर्ममा वर्गीकरण गरिएको छ ।

१) **गाईभैसी फर्मको वर्गीकरणः**

क) **साना व्यवसायिक फार्मः** ३ देखि ५ वटा उन्नत गाईभैंसी पालन गरी दूध उत्पादन व्यवसाय सुरू गरेको फर्मलाई मानिने छ ।

ख) **मझौला व्यवसायिक फार्मः** ६ देखि १० वटा उन्नत गाईभैंसी पालन गरी दूध उत्पादन व्यवसाय सुरू गरेको फर्मलाई मानिने छ ।

ग) **ठूला व्यवसायिक फार्मः** १० भन्दा बढी उन्नत गाईभैंसी पालन गरी दूध उत्पादन व्यवसाय सुरू गरेको फर्मलाई मानिने छ ।

२) **भेडाबाख्रा फर्मको वर्गीकरणः**

**क) साना व्यवसायिक फार्मः** १५ देखि ३० वटा प्रजनन योग्य माउ बाख्रा पालन गरेका हुनुपर्नेछ ।

**ख) मझौला व्यवसायिक फार्मः** ३० देखि ५० वटा प्रजनन योग्य माउ बाख्रा पालन गरेका हुनुपर्नेछ ।

**ग) ठूला व्यवसायिक फार्मः** ५० भन्दा बढी प्रजनन योग्य माउ बाख्रा पालन गरेका हुनुपर्नेछ ।

३) **बंगुर फर्मको वर्गीकरणः**

क) **साना व्यवसायिक फार्मः** पाठापाठी तथा मासु उत्पादनका लागि ५ देखि १० वटा प्रजनन योग्य माउ बंगुर पालेको हुनुपर्नेछ ।

ख) **मझौला व्यवसायिक फार्मः** पाठापाठी तथा मासु उत्पादनका लागि १० देखि २० वटा प्रजनन योग्य माउ बंगुर पालेको हुनुपर्नेछ ।

ग) **ठूला व्यवसायिक फार्मः** पाठापाठी तथा मासु उत्पादनका लागि २० भन्दा बढी प्रजनन योग्य माउ बंगुर पालेको हुनुपर्नेछ ।

४) **पोल्ट्री फर्मको वर्गीकरणः**

क) **सान व्यवसायिक पोल्ट्री फार्मः** लेयर्स/ब्रोइलर कुखुराको हकमा १०० देखि २०० वटा र स्थानीय जातका कुखुरा, टर्की, हाँसको हकमा कम्तिमा ५० वटा पालेको हुनुपर्नेछ ।

ख) **मझौला व्यवसायिक पोल्ट्री फार्मः** लेयर्स/ब्रोइलर कुखुराको हकमा २०० देखि ५०० वटा र स्थानीय जातका कुखुरा, टर्की, हाँसको हकमा ५० देखि १०० वटा पालेको हुनुपर्नेछ ।

ग) **ठुला व्यवसायिक पोल्ट्री फार्मः** लेयर्स/ब्रोइलर कुखुराको हकमा ५०० भन्दा बढी र स्थानीय जातका कुखुरा, टर्की, हाँसको हकमा १०० भन्दा बढी पालेको हुनुपर्नेछ ।

५) **माछा पालन फर्मको वर्गीकरणः**

क) **साना व्यवसायिक माछा फार्मः** कम्तिमा १ देखि ३ रोपनी सम्म क्षेत्रफल भएको पोखरी निर्माण गरी आवश्यक पूर्वधार पूरा गरी व्यवसायिक रुपमा माछा पालन गरेको हुनुपर्नेछ ।

ख) **मझौला व्यवसायिक माछा फार्मः** कम्तिमा ३ देखि ६ रोपनी सम्म क्षेत्रफल भएको पोखरी निर्माण गरी आवश्यक पूर्वधार पूरा गरी व्यवसायिक रुपमा माछा पालन गरेको हुनुपर्नेछ ।

ग) **ठुला व्यवसायिक माछा फार्मः** ६ रोपनी भन्दा बढी क्षेत्रफल भएको पोखरी निर्माण गरी आवश्यक पूर्वधार पूरा गरी व्यवसायिक रुपमा माछा पालन गरेको हुनुपर्नेछ ।

## अनुसूची-१०

## असल पशुपालन अभ्यास अनुसरण अवस्थाको मापदण्ड

| क्र.सं. | विवरण | विद्यमान अवस्था | | | |
|---|---|---|---|---|---|
| १ | पशुपालन गरिएको ठाउँको अवस्था | | राम्रो | | नराम्रो |
| २ | पशुपालन गरिएको गोठको सरसफाई | | राम्रो | | नराम्रो |
| ३ | मलमुत्र व्यवस्थापन | | राम्रो | | नराम्रो |
| ४ | पशुलाई पिउन दिने पानीको आपूर्तिको अवस्था | | पर्याप्त | | अपर्याप्त |
| ५ | पानीको स्वच्छता | | सफा | | फोहोर |
| ६ | पशुको स्वास्थ्य अवस्था | | स्वस्थ | | अस्वस्थ |
| ७ | अस्वस्थ पशुलाई अलग्गै व्यवस्थाको प्रबन्ध | | छ | | छैन |
| ८ | खोरेत विरुद्धको खोप लगाएको | | छ | | छैन |
| ९ | भ्यागुते र चरचरे विरुद्ध खोप लगाएको | | छ | | छैन |
| १० | थुनेलो रोकथामको उपाए अपनाएको | | छ | | छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | नियमित रुपमा ड्रेन्चिङ्ग गरेको | | गरिन्छ | | गरिदैन |
| १२ | कामदारको स्वस्थ्य अवस्था | | स्वस्थ | | अस्वस्थ |
| १३ | कामदारको सरसफाई अवस्था | | सफा | | फोहोर |
| १४ | शौचालयको प्रयोग पश्चत साबुन पानीले हात धुने गरेको | | गरेको | | नगरेको |
| १५ | दूध दुहुनु भन्दा पहिले पशु र पशुको कल्चौडाको सरसफाई अवस्था | | सफा | | फोहोर |
| १६ | दूध दुहुने भाडा | | स्टेनलेस स्टिल | | एल्मुनियम |
| १७ | दूध दुहुने भाडाको सरसफाई | | सफा | | फोहोर |
| १८ | दूध ढुवानी गर्ने भाडाको सरसफाई | | सफा | | फोहोर |
| १९ | एण्टिबायोटिक/एण्थेलमन्टिक प्रयोग गरेको दूध बिक्री | | गरिन्छ | | गरिदैन |
| २० | दूध दुहेर चिस्यान केन्द्र/संकलन केन्द्र पुर्याउने गरेको | | गरिन्छ | | गरिदैन |

**आज्ञाले**

**बाबुराम पुरी**

**प्रमुख प्रशासकीय अधिकृत**